# सरकारी निर्णय र परिपत्रको चेपटामा तराईको वन

■ सोमत घिमिरे

वि.स. २०५० तिर वन व्यवस्थापन कार्ययोजना (Operational forest management plan-OFMP) लागू गरी बहुराष्ट्रिय एन्सो कम्पनीलाई तराईको वन जिम्मा लगाउने सरकारी प्रयास स्थानीय जनताको प्रतिरोधमा गर्भमै तुहियो । ओ.एफ.एम.पी. (OFMP) को गर्भपतन पश्चात् पुरानो रक्सीलाई नयाँ शिशीमा राखेको शैलीमा सरकारले साझेदारी वन व्यवस्थापन योजना घोषणा गऱ्यो । सामुदायिक वन (सा.व.) ले सफलता पाइराखेको बेला सरकारले सा.व. को मूल मर्म माथि प्रहार गर्ने गरी वन विकास गुरुयोजना र वन सम्बन्धी ऐन कानुनहरुको बेवास्ता गरेर पटक-पटक विभाग, मन्त्रालय र मन्त्रिपरिषद्ले समेत निर्णय गर्ने गरेका छन् । चपेटामा परेको तराईको वन २०५७।१।१९ मा साझेदारी वन व्यवस्थापन योजनाको नाममा मन्त्रिपरिषद्ले नै अर्को एउटा निर्णय गऱ्यो ।

तराईमा रहेका सालका रुखहरु प्रतिको सरकारी दृष्टिकोण अत्यन्तै सङ्कुचित छ । तराईको वनलाई हेर्ने सरकारी रवैया बुझ्न धेरै गाह्रो छैन । जे जस्तो सैद्धान्तिक आवरण लगाएर भए पनि तराईको काठमा वन प्रशासकहरुले आफ्नो आधिपत्य जमाउन गरेका दाउपेचहरु अब छिपेका छैनन् । काठ बिक्रीकै सवालमा मात्र २०५४।१०।२७ देखि २०५५।११।२४ को बीचमा अर्थात् ११ महिनामा ८ वटा निर्णयहरु सरकारले गऱ्यो । यसले व्यापक अन्यौलता मात्र सिर्जना गरेन, तरल अवस्थामा फाइदा लिनेहरुका लागि निकै सजिलो पनि भयो । सरकारी निर्णयका घटनाक्रमहरुलाई क्रमबद्ध रुपमा विश्लेषण गर्ने हो भने २०४७ देखि हालसम्म सरकारले यस्ता निर्णयहरु गरेको छ :

| मिति/समय | घटनाक्रमहरु |
|---|---|
| २०४७-२०५२ | • तराईका जिल्लाहरुको वन व्यवस्थापनका लागि जन सहभागिता विना केन्द्रीय स्तरबाट एकलौटी र केन्द्रिकृत योजनाहरुको निर्माण, |
| २०५२ पश्चात् | • तराईको वन विदेशी बहुराष्ट्रिय कम्पनीहरुलाई जिम्मा लगाउने प्रयासहरुको सुरुआत,<br>• जन चाहना र कानुन विपरीतका जिल्ला स्तरीय ओ.एफ.एम.पी. निर्माण, |
| २०५४-१०-२५ | • टिम्बर कर्पोरेसन (टि.सि.एन.)लाई वन क्षेत्रका काठ दाउरामा एकाधिकार प्रदान, |
| २०५५-८-१६ | • तराईकै सा.व. को विषयलाई लिएर वन ऐन २०४९ मा पहिलो संशोधन गरी उपभोक्ता समूहको स्वायत्तता प्रश्न चिन्ह लगाउनु, |
| २०५६-६-११ | • सा.व. निर्देशिकामा संशोधन गरी स्रोत सर्भेक्षण अव्यवहारिक प्रक्रिया (वन विभागद्वारा परिपत्र जारी गरी उपभोक्ता समूहहरुलाई वन व्यवस्थापन गर्नमा रोक लगाइनु) समावेश गराउनु, |
| २०५६-७-१८ | • सा.व. को मागको चाप बढ्दै गइरहेकोले सो रोक्नाका लागि तराईका जिल्लाहरुमा वन पैदावार आपूर्ति समितिहरु गठन गरिनु, |
| २०५६-३-९ | • तराईका उत्पादन वनहरु सा.व. को रुपमा हस्तान्तरण गर्न रोक लगाउने गरी परिपत्र जारी गरिनु, |
| २०५७-१-१९ | • तराईको वनलाई साझेदारी वनको रुपमा व्यवस्थापन गर्ने गरी मन्त्रिपरिषद्बाट निर्णय हुनु, |
| २०५८ | • तराईमा साझेदारी वन व्यवस्थापनको अवधारण लागू गराउनका लागि सहयोग गर्ने परियोजनाहरुको प्रवेश सुरु हुनु, |

मिति २०५७।१।१९ मा भएको मन्त्रिपरिषद्को निर्णयले वन व्यवस्थापन गर्दा वन पैदावारको बिक्रीबाट प्राप्त आम्दानीको २५% रकम स्थानीय विकासमा लगाउन गाउँ विकास समिति तथा जिल्ला विकास समितिलाई उपलब्ध गराउने र बाँकी ७५% रकम श्री ५ को सरकारको राजश्वको रुपमा जम्मा गर्न लगाउन कानुनी व्यवस्था गरेको छ । त्यस्तै सा.व. को आम्दानीको ४०% रकम श्री ५ को सरकारले लिने निर्णयहरु गरेको छ ।

यो निर्णय मात्रै होइन यसभन्दा अगाडि पनि तराईको वनको सवालमा सरकार सकरात्मक तथा सकारात्मक तथा सहयोगी भएर निस्केको छैन । बारम्बार ऊ आफूलाई खोचे थाप्ने भूमिकामा सांघुऱ्याउदैछ । मिति २०५६।१।१३ मा सा.व. को निर्देशिकालाई संशोधन गरेर सा.व. बनाउँदा वनको पूर्ण स्रोत आकलन गर्नु पर्ने र कार्ययोजनामा मौजुदा वन (Growing stock) र वार्षिक वृद्धिदर (Annual increment) अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था गरियो । यसमा तराईका उपभोक्ताहरुको प्रश्न छ: वन विज्ञान नै अध्ययन गरेर वर्षौदेखि वन कर्मचारीको हैसियतले काम गरिरहेका कर्मचारीहरु र साधन स्रोतले सम्पन्न वन कार्यालयहरुले त आफ्नो जिल्लाको पूर्ण स्रोत आंकलन गरेर मौजुदा वन र वार्षिक वृद्धिदर निकाल्न सकिरहेका छैनन् भने सा.व. का साधारण उपभोक्ताहरुलाई कार्ययोजनामा यस्तो प्राविधिक पक्षलाई समावेश गर्नु पर्ने अनिवार्यता गर्नु कति जायज कुरा हो ? उपभोक्ताहरुका अनुसार सा.व. भनेको सामाजिक योजना (Social plan) अनुसार सञ्चालित हुने प्रक्रिया हो । तर यसलाई अनावश्यक रुपमा र क्षमता नै नभई व्यवस्थापकीय योजना (Managerial plan) अनुसार सञ्चालन गर्नुपर्ने बाध्यता सिर्जना गरिएको छ ।

यस्ता सरकारी यस्तै नियतका श्रृंखलाहरुको परिणाम स्वरुप साझेदारी वन व्यवस्थापन योजनाको अवधारणा बाहिर आएको छ । वनको आम्दानी पूरै स्थानीय समुदायमा दिने हो भने सरकारी राजश्व खै ? यस्तो भनेर राजश्वलाई रक्षा कवच बनाइएको छ । यसका पक्षधरहरुको तर्क छ- आखिर राजश्व उठाए पनि यस पैसाले गर्ने स्थानीय विकास नै हो । तसर्थ यसबाट आत्तिनु पर्ने छैन । तर मेघौली गाउँ विकास समिति (गा.वि.स.) वडा नं. ३ बस्ने आदिवासी नेता जीतबहादुर कुमाल भन्दछन् "विकासै गर्नु छ भने किन सरकारमा पैसा जम्मा गर्नु पऱ्यो त । हामी हाम्रो गाउँको आफै विकास गर्छौं । सरकारमा पैसा जम्मा गरे पछि हाम्रो गाउँमा विकास हुन्छ भन्ने कुरामा हामीलाई विश्वास छैन । त्यसले त हामीलाई अप्ठ्यारो मात्र पार्दछ । त्यो पैसामा हाम्रो पहुँच पुग्दैन । हामीजस्ता उपभोक्ता बस्ने गाँउमा त्यो पैसा आइ नै पुग्दैन" । उनको जस्तै तर्क राख्छिन् स्थानीय संस्था प्रभात किरण सेवा समाजकी सचिव विक्रमी चौधरी । उनी भन्छिन्- "गा.वि.स. र जिल्ला विकास समिति (जि.वि.स.) लाई पैसा दिएर कमजोर वर्गको विकास हुन गाह्रो छ किनभने स्थानीय निकायमा कमजोर वर्गको उपस्थिति नै छैन" । स्थानीय निकायको बजेट विश्लेषण गर्ने हो भने मध्यम वर्गलाई मात्रै लाभ हुने खालका कार्यक्रमहरु छन् । बाढी पहिरोको सवालभन्दा स्कूलमा मास्टर राख्ने कुराले प्राथमिकता पाउंछ । राजनीतिमा कमजोर वर्गको सहभागिता नभएको अवस्थामा स्थानीय निकायलाई रकम उपलब्ध गराएर कमजोर वर्गको उत्थान हुन्छ भन्न सकिदैन । चौधरीको विचार सत्यको धेरै नजिक छ । स्थानीय निकाय तुलनात्मक रुपमा सबभन्दा कमजोर वर्गको पहुँचमा भए पनि उनीहरुका एजेन्डाले कमजोर वर्गका सवाललाई छुन सकेका छैनन् ।

वन्य स्रोतका वरिपरि बस्ने मानिसहरुले मात्रै स्रोतबाट फाइदा पाए । स्रोत नहुने ठाउँमा बस्नेहरुका लागि राजश्वमा रकम जम्मा नगर्ने हो भने अन्याय हुन जाने तर्क केही व्यक्तिहरुले

अगाडि सारेका छन् र यही अन्यायलाई मेट्न नै साझेदारी वन व्यवस्थपन योजना आएको भन्ने उनीहरुको धारणा छ । हाम्रो देशको भू-बनोटका हिसाबले कहीं स्रोत छ, कहीं स्रोत छैन । स्रोत नहुने ठाउँमा बस्नेहरु ठगिनु हुँदैन भन्ने विषयमा विमति राख्नुपर्ने कुनै कारण छैन । तर के यसले त्यो अन्याय र भेदभाव मेट्न सक्छ ? के यो भन्दा बाहेक अरु विकल्पहरु थिएनन् । सरकारले बजेट विनियोजनको वैज्ञानिक व्यवस्थापन अंगाल्न सक्छ । स्रोत नहुने ठाउँका लागि र हुने ठाउँका लागि बजेटमै फरक प्रबन्ध गर्न सक्छ । आखिर जे भने पनि प्राकृतिक स्रोतका रुपमा उपलब्ध दाउरा, घाँस, खर धेरै टाढा पठाएर व्यवस्थापन गर्न त मिल्दैन । तर यसका लागि सरकारले बजेट विनियोजनको धारणामा सुधार गर्नु पर्छ ।

सा.व. उपभोक्ता समूहले आएको आम्दानीको रकमबाट मन्दिर, सार्वजनिक शौचालय, पाटी पौवा, आदि बनाएका छन् । जसले गर्दा वन विकासमा कम खर्च भएको छ भन्ने मानिसहरुको तर्कसँग असहमति राखिनु पर्ने जरुरी छैन । सा.व. उपभोक्ता समूहले आफ्नो प्राथमिकताको सूचीलाई पुनर्विचार गर्नुपर्ने छ । वन विकासमा तथा समाजको कमजोर वर्गलाई के गर्दा फाइदा हुन्छ, यो सोचनीय विषय हो । तर उनीहरुको प्राथमिकतामा देखिएको अलिकति समस्याले रकमै अन्त पठाउने कुरा वैज्ञानिक नहुन सक्छ भन्ने तर्क राख्छन्- पार्वतीपुर निवासी वेदप्रकाश पण्डित । उनी अगाडि भन्छन् - “आफ्नै गाउँको विकास हुन्छ भनेर जनताले घरधुरी पालो बसाएर वन कुरेका छन् । रकम अन्यत्र जाने भएपछि जनताको यो उत्साहको मृत्यु हुन सक्छ भन्ने पण्डितको रायसँग धेरै स्थानीय उपभोक्ताहरु सहमत छन्” ।

चितवनका जिल्ला वन अधिकृत बज्रकिशोर यादवका अनुसार “जङ्गलदेखि धेरै टाढा बस्ने उपभोक्ताहरुको पनि आवश्यकता परिपूर्ति हुने, राष्ट्रिय आम्दानीमा वृद्धि हुने, गा.वि.स. र जि.वि.स. मा स्रोत बढ्ने र वनको वैज्ञानिक व्यवस्थापन हुने भएकोले यस अवधारणालाई अगाडि बढाउनु पर्ने कुरा बताउनु हुन्छ” । तर स्थानीय वन उपभोक्ता समूहलाई कत्ति पनि रकम नछुट्याउदा अप्ठ्यारो पर्ने हो कि भन्ने पनि उहाँको धारणा छ । यसबारे उहाँ थप भन्नुहुन्छ- समूहलाई कत्ति पनि नदिंदा स्थानीय समूहको वास्तविक पीरलाई गा.वि.स. र जि.वि.स. ले प्राथमिकता दिएनन् भने उनीहरुलाई ठूलो मर्का पर्छ । सा.व. मा सरोकार राख्दै आएको सामुदायिक विकास संगठनका कार्यकर्ता छविलाल न्यौपाने भने यस निर्णयलाई मन्त्रिपरिषद्को मनपरी बताउनु हुन्छ र सरकारको नियतमा नै समस्या छ भन्ने ठान्नुहुन्छ । उहाँ उदाहरण दिंदै भन्नुहुन्छ- २०४८ सालमा टि.सि.एन. मा भएको अनियमितता छानविन गर्न गठित समितिद्वारा प्रकाशित प्रतिवेदन अनुसार टि.सि.एन. सँग सम्बन्धित उच्च ओहदाका व्यक्तिहरुले झन्डै ३४ लाख क्यू.फीट दुरुपयोग गरेको र लाखौं क्यू.फीट काठ सडाइएको उल्लेख हुँदाहुँदै सरकारले सन् १९९८ मा फेरि टि.सि.एन. लाई काठ दाउरामा एकाधिकार दिन्छ । के यसबाट सरकारको नियत प्रष्ट देखिदैन र ? जे जसरी भए पनि तराईको वनलाई वन प्रशासकहरुले आफ्नो सम्पत्ति जस्तो मान्छन्- न्यौपानेको थप कथन छ ।

यसलाई अगाडि बढाउन कस्तो संरचनागत व्यवस्था हुने, वास्तविक वनसँग सरोकार राख्नेहरुको भूमिका कस्तो हुने, संस्थागत संयन्त्रहरु कसरी क्रियाशील हुने जस्ता सवालहरु प्रष्टसँग बाहिर आएका छैनन् । यस्तो संस्थागत व्यवस्थाले थप जटिलता उत्पन्न गर्ने वन व्यवस्थापनमा अप्ठ्यारो पर्न सक्ने राय राख्नुहुन्छ महेन्द्र प्रकृति संरक्षण कोषका सा.व. हेर्ने निलम पौड्याल । उहाँका विचारमा जति धेरै संरचनाहरु व्यवस्था गरियो, त्यति नै भ्रम उत्पन्न हुने र काम गर्न अप्ठ्यारो हुने कुरा अन्यत्रका अनुभवहरुबाट हामीले सिक्नुपर्छ । ७५% र २५% को विनियोजन जस्ताको तस्तै

आउँछ कि आउंदैन त्यो त हेर्न बाँकी छ । तर यस्तो विनियोजन अवैज्ञानिक हुने कुरा महेन्द्र प्रकृति संरक्षण कोषका परियोजना निर्देशक नारायण ढकालको छ । ढकाल भन्नुहुन्छ- "समुदायले वन बचाइ दिने तर उपयोग अरुले गर्ने हो भने संरक्षण र व्यवस्थापनमा सोचे जस्तो नतिजा नआउन सक्छ । घटिमा ६०% रकम समुदायले विकास निर्माणमा खर्च गर्न पाउनु पर्छ र वनको स्वामित्व स्थानीय समुदायकै मातहतमा रहनु पर्दछ ।" यस क्रममा शाही चितवन राष्ट्रिय निकुञ्जका पूर्व संरक्षक रामप्रित यादव भन्नुहुन्छ- कार्यक्रमको नाम साझेदारी भए पनि स्रोतमा साझेदारी नहुनु चाहिं अनौठो कुरा हो । सामुदायिक विकासका लागि उपभोक्ताहरुलाई नै रकम नछुट्याउने हो भने जनताको उत्साह मर्ने उहाँको राय छ ।

स्थानीय रुपमा सा.व. व्यवस्थापनमा लागेका असंख्य उपभोक्ताहरुलाई सरकारको यो निर्णयले बडो द्विविधामा पारेको छ । सा.व. उपभोक्ता समूह जिल्ला समन्वय समिति चितवनका अध्यक्ष देवराज कँडेल भने सरकारले यस्तो अवधारणा ल्याएकोमा अचम्म मान्दै भन्नु हुन्छ -स्थानीय समुदाय जो वनको वास्तविक सरोकारवाला हो ऊसँग स्थानीय स्तरमा आएर कहिल्यै पनि छलफल भएन । यो निर्णय राम्रोसँग कार्यान्वयन भयो भने स्थानीय समुदायको भूमिका गोठालो भन्दा बढ्ता केही नहुने राय राख्नुहुन्छ । उहाँको थप कथन छ- वन जोगाउने स्थानीय समुदाय, नाफा खाने ठूलाबडा । किनभने अहिलेसम्म विकासको स्वाद ठूलाबडाले चाखेका छन् र राजश्वमा पैसा बढेपछि नाफा हुने पनि ठूलाबडालाई नै हो । यो नियमले समुदायको आशा निराशामा परिणत हुने र स्रोतको संरक्षणमा पनि वाधा पार्ने प्रष्ट कथन छ देवराज कँडेलको ।

हालसम्म सरकारी निर्णयहरुमा स्थानीय तहका जनताका आवाजहरु मुखारित हुन सकेका छैनन् । एकातिर नागरिक समाज जुझारु रुपमा सङ्गठित छैन । अर्कोतिर वन प्रशासनको नियतमा नै प्रश्न चिन्ह लगाउनु पर्ने बेला आइसकेको छ । वि.सं. २०४७ पछिका घटनाक्रमले तराईको वनमा सरकार आफ्नो नियन्त्रण जुनसुकै सिद्धान्त र आवरण ओढेर पनि राख्न चाहन्छ । फेरि वन प्रशासकहरुको जिम्मामा नै वन गयो भने नेपालको तरल राजनीतिक अवस्थामा भएको वन विनाशको इतिहास दोहोरिन सक्छ । हामी सबैलाई थाहा छ जतिबेला हाम्रो राजनीति अत्यन्तै कमजोर हुन्छ त्यतिबेला नै वन विनाशका खेलहरु खेलिएका छन् । वि.सं. २०४६ सालको परिवर्तन पछि केही समयका लागि राजनीति दह्रो थियो । सा.व. सम्बन्धी अवधारणाहरु आए । तर वि.सं. २०५० पछिको तरल राजनीतिमा प्रशासकहरुले आफ्नो शक्तिको आडमा गरेका संशोधन, र परिपत्रका खेलहरुको लामो श्रृंखलाहरु हाम्रा सामु छन् । यस्तो अवस्थामा नागरिक समाजले नै पहल नगरिकन तराईको वनबाट राष्ट्रले लाभ लिन सक्छ भन्ने कुरामा विवाद गर्नुको कुनै अर्थ छैन ।

(लेखक सामुदायिक विकास संगठनमा कार्यरत हुनुहुन्छ ।)